# सोलुदुधकुण्ड नगरपालिका

ཀྱཱ།།སོད་རོང་པོ་མའི་མཆོའི་གྲོང་རྫེ་སྤྱི་ཁྲུབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु
प्रदेश नं. १ नेपाल

प.सं. २०७५/७६
च.नं.

मिति : २०७५-०६-११

### प्रेस-विज्ञप्ति

मिति २०७५-०६-१० गते देखि सोलुदुधकुण्ड नगरपालिकाले सोलुखुम्बु जिल्लाको ईतिहासमै पहिलो पटक वडामा जनप्रतिनिधि, नगरपालिकाको प्राविधिक र अन्य कर्मचारी सहभागि भएर योजना सम्झौता गर्ने कार्य थालनी गरिएको छ ।साविकमा उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना सम्झौता कार्यन्वयन गर्दा अवलम्बन गर्नु पर्ने प्रक्रिया, अभिलेखीकरण, तोकिएको कार्य, लागत, समय सीमा, गुणस्तर, प्राविधिक पक्ष लगायतका विषयमा अस्पष्टता हुदा योजना सम्झौता तथा फरफारक, र कार्यन्वयनमा विभिन्न असुविधा र अन्यौलता भएको महशुस गरी सबै उपभोक्ता समितिहरुलाई तोकिएको जिम्मेवारी, काम कर्तव्य, दायित्व, प्राविधिक पक्ष तथा योजनाको दिगोपनाका विषयमा अभिमुखीकरण गरी योजना सम्झौता गर्ने नगरपालिकाको रणनिती रहेको छ । यसै सम्बन्धमा वडा नं. ९ गोराखानीका उपभोक्ता समितिहरुलाई अभिमुखीकरण गरी १० वटा योजनाहरुको सम्झौता गरिएको छ । बाँकी अन्य १० वटा वडाहरुमा पनि क्रमिक रुपमा वडामै गई उपभोक्ता समितिहरुलाई अभिमुखीकरण गरी योजना सम्झौता गरिने तयारी सम्पन्न भएको छ । वडामा अभिमुखीकरण कार्यक्रम सहितयोजना सम्झौता गर्दा उपभोक्ता समिति सहित सम्पुर्ण सरोकारवालालाई सहज र सुविधा हुने विश्वास गरिएको छ ।

रमिला भण्डारी
प्रशासकीय अधिकृत
सोलुदुधकुण्ड नगरपालिका

Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np Email- solududhkundamun@gmail.com